# बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बेलबारी मोरङ
### कोशी, प्रदेश

## बोलपत्र पेस गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।०५।०८**

बेलबारी नगरपालिका चालु आ.व. २०८२/८३ का लागि सभाबाट स्वीकृत सेनिटरी प्याड खरिदका लागि ईजाजतप्राप्त इच्छुक कम्पनी/फर्महरुले रितपूर्वक देहायका शर्तहरू स्वीकार गरी विद्युतिय माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | नाम | बोलपत्र दस्तुर | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | BM/MOR/G/NCB-04-2082-083 | Supply and Delivery of Sanitary Pads | ३०००/- | मिति २०८२।०६।०७ गते दिनको १२ बजेसम्म | मिति २०८२।०६।०७ गते दिनको २ बजे | |

शर्तहरू

१. न्युनतम ६२६४० प्याकेट खरिद गरिनेछ । एक प्याकेटमा न्यूनतम सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा उल्लेख भए बमोजिम ८ ओटा प्याड हुनुपर्नेछ ।

२. यो खरिद प्रकृया प्रति इकाइ दरमा पेस गर्नुपर्नेछ ।

३. धरौटी बापत रकम रू ६३,०००/- तोकिए बमोजिमको खातामा रकम जम्मा वा उक्त रकमको बैंक जमानत पेस गर्नुपर्नेछ ।

४. नेपाल सरकारबाट मान्यता प्राप्त गुणस्तर परीक्षण प्रतिवेदन सहित बोलपत्र पेश गर्नु पर्नेछ । पेश गरिएको गुणस्तर परीक्षण प्रतिवेदन स्वीकृत मापदण्ड अनुसार भएमा सम्झौता गरिनेछ । परीक्षणको गुणस्तर प्रभावकारी नभएमा बोलपत्रदाता स्वयं जिम्मेवार हुनेछ ।

५. बोलपत्रदाताले १० प्याकेट सेनेटरी प्याडको नमुना बोलपत्र खुलेको मितिले ३ दिनभित्र नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ । पेस नगर्ने हकमा मूल्याङ्कन प्रकृयामा समावेश गरिने छैन । पेस भएका नमना मध्ये ५ वटा नमुना परीक्षणका लागि प्रयोगशालामा पठाइनेछ साथै बाँकी ५ वटा बोलपत्रदाताको प्रतिनिधिको रोहवरमा सिलबन्दी गरी नमुना परिक्षणको नजितासँग तादम्यता जाँच गर्न एवं बोलपत्रदाताले सम्झौता पछि पेस गर्ने सेनिटरी प्याडसँग म्याच भए नभएको परीक्षण गर्न राखिनेछ । उक्त समयमा बोलपत्रदाताको प्रतिनिध उपस्थित नभएमा कार्यालयलाई माथी उल्लेख भए बमोजिमको कार्य गर्न बाधा पुग्न छैन ।

६. मूल्याङ्कन प्रक्रियामा समावेश बोलपत्रदाताहरूले तोकिएको समय भित्र पेस गरेको सेनिटरी प्याड नगरपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त गुणस्तर परिक्षण प्रयोगशालामा परीक्षण गर्नेछ । परिक्षण प्रतिवेदनमा अन्यथा पाईएको उक्त बोलपत्रदातालाई मूल्याङ्कन प्रकृयामा समावेश गरिने छैन ।

७. यस खरिद प्रकृयामा उल्लेख खरिद एवं खरिदसँग सम्बन्धित संलग्न कागजातमा जुनसुकै कुरा उल्लेख भएको भएता पनि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ३ को उपदफा ४ सँग सम्बन्धित अनुसूची १ को ३ मा उल्लेखित साईजको हकमा Absorbent Core Length 240± 20mm हुनुपर्नेछ ।

८. बोलपत्रदाताले उपलब्ध गराउने सेनिटरी प्याड बेलबारी नगरपालिकामा भएको भेन्डिङ्ग मेसिनमा लाग्ने हुनुपर्नेछ ।

९. माथी उल्लेखित भएका र विड डकुमेन्टमा भएका विषयहरू र अन्य विषयमा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र सम्बद्ध निकायले तत्त सम्बन्धमा गरेको व्याख्या एवं सार्वजनिक हितको सिद्धान्तलाई आधारमानी नगरपालिकाले गरेको व्याख्या बमोजिम हुनेछ ।

**नोटः** साईजको हकमा Absorbent Core Length 240± 20mm हुने, गुणस्तर परीक्षण प्रतिवेदन, बुँदा नं. ५ र सूचना विस्तृत रूपमा पढि बुझी मात्र खरिद प्रकृयामा सहभागीहुन साथै विस्तृत विवरणका लागि बेलबारी नगरपालिकाको वेवसाईट belbarimun.gov.np र bolptra.gov.np बाट हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**